# रामेछाप जिल्ला अदालत

## मन्थली

(प्रशासन शाखा)

प.स. ०७६/७७
च.नं. २३१

मितिः- २०७६।०४।२८

**सूचना ।** **सूचना ।।** **सूचना ।।।**

विषयः- सवाजसेवी, बाल मनोबिज्ञ वा बाल बिशेषज्ञ अद्यावधिक सम्बन्धमा।

यस अदालतको बाल इजलाशमा समाजसेवी, बाल मनोविज्ञ वा बाल बिशेषज्ञको रुपमा काम गर्न इच्छुक समाजसेवी, बालमनोबिज्ञ वा बाल बिशेषज्ञको रुपमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ बमोजिम समाजसेवी, बालमनोबिज्ञ वा बाल बिशेषज्ञको रुपमा सुचिकृत भएका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएका मितिले ३० दिन भित्र यस अदालतमा निबेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

चाहिने आबश्यक योग्यताः

१. समाजसेवीका लागिः- मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बालबिकास वा बाल अधिकारको बिषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै बिषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा समाज सेवाका सम्बन्धमा कम्तिमा एक महिनाको तालिम प्राप्त गरेको र फौजदारी कसङ्ग्रमा अदालबाट सजाय नपाएको ।

२. बालमनोविज्ञ वा बाल विशेषज्ञका लागिः- मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान बिषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै बिषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा मनोविज्ञानका सम्बन्धमा कम्तिमा २ महिनाको तालिम प्राप्त गरेको र फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको ।

निवेदनसाथ पेश गर्नु पर्ने कागजातहरु

१ शैक्षिक योग्यता

२ तालिम

३ बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ वमोजिम समाजसेवी, बालमनोविज्ञ वा बाल विशेषज्ञको रुपमा सुचिकृत भएको प्रमाण-पत्र ।

४ नागरिकताको प्रमाणित प्रतिलिपी

०७६।४।२८

(गेहेन्द्र राज रेग्मी)
श्रेस्तेदार